मलंगवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मलंगवा,सर्लाही
मधेश,प्रदेश
स्थापित:२०४७

# मलंगवा नगरपालिकाका नगरप्रमुख श्री नागेन्द्र प्रसाद यादवज्यूले २०८१ पुस २९ गते तेरहौं नगरसभामा गर्नु भएको सम्बोधन

नगरसभाका सदस्यज्यूहरू,
मलंगवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत
एवं सम्पूर्ण कर्मचारीहरू र उपस्थित पत्रकार तथा सञ्चारकर्मी मित्रहरू ।

१. यस गरिमामय नगरसभा समक्ष स्थानीय सरकार प्रमुखको हैसियतले चालु आ.व. २०७८१/०८२ को लागि संशाधित तथा नगरको गतिविधी कार्यक्रम पेश गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. मलंगवा नगरपालिकाको सभाकक्षमा आयोजित यस नगर सभामा औपचारिक रूपमा नगरसभाका सदस्य साथीहरूलाई हार्दिक स्वागत गर्दछु । म सधैं हाम्रो नीति र नियतमा इमान्दारिता र निरन्तरता हुनु पर्दछ भन्ने विश्वास गर्दछु ।

३. नगरसभा नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षबाट प्राप्त नागरिकको महत्वपूर्ण उपलब्धि हो । म स्थानीय सरकारको जनप्रतिनिधिको हैसियतले यस सभामा जनताका आधारभूत विषयमा छलफल गर्न संविधानले तोकि दिएका सीमामा रही स्थानीय विधायिकी अभ्यास गर्ने स्थलमा उभिएको छु ।

४.यस ऐतिहासिक क्षणमा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते, बेपत्ता नागरिकहरूप्रति सम्मान व्यक्त गर्दछु ।

## गरिमामय नगरसभाका सदस्य मित्रहरू

५. संवैधानिक अधिकार तथा संघीय शासन व्यवस्थाको मर्म बमोजिम जनतालाई घरदैलोमा नै सेवा पुर्याइ सुशासन प्रवर्धन गर्नु नगरपालिकाको पहिलो कर्तव्य रहेको छ । तसर्थ आम नगरवासीको आर्थिक सामाजिक सांस्कृतिक विकासमा आम जनताको सहभागिता बढाउदै विकासका प्रतिफलहरूको न्यायोचित वितरण गर्ने दिशामा नगरपालिकाको वर्तमान नेतृत्व प्रतिवद्ध रहेको छ ।

६. हामी आफ्ना समग्र गतिविधि र निर्णय प्रक्रियामा सकेसम्म पारदर्शिता र सहभागिताको सुनिश्चित गर्न सदैव प्रतिवद्ध रहेका छौं । तसर्थ नगर कार्यपालिकाका निर्णयहरू तत्कालै वेबसाइट मार्फत सार्वजनिक गर्न प्रारम्भ गरिएको छ ।

७. मलंगवा नगरपालिकाले शैक्षिक सत्र २०८१ को **कक्षा ५ र ८ को परीक्षालाई** व्यवस्थित र शिक्षाको गुणस्तर वृद्धि गर्न नगरपालिका स्तरीय केन्द्र तोकि परीक्षा संचालन गर्ने नीति लिएको छ । यसले नगरपालिकाको समग्र शैक्षिक अवस्थामा सुधार ल्याउने आशा लिएको छु ।

८. नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य सम्पन्न भएको छ । यसबाट नगरपालिका र वडामा गरिने कामको विवरण र त्यसका आधारमा आवश्यक पर्ने जनशक्तिको

मलंगवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मलंगवा,सर्लाही
मधेश,प्रदेश
स्थापित:२०४७

व्यवस्थापन गर्न सहज हुनेछ। यसले नगरपालिकाबाट हुने सेवा प्रवाहलाई मितव्ययी, चुस्त र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ।

९. गर्मी याममा लामखुट्टेको प्रकोप कम गर्न नगरमा लामखुट्टे विरुद्धको विषादी छर्किने योजना रहेको छ। यसलाई आगागी दिनमा अझ समय मै र प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

१०. यस **आर्थिक वर्षमा केहि** प्राविधिक समस्याहरुले गर्दा अपेक्षित लक्ष्य अनुसार हालसम्म काम सम्पन्न नहुदाँ नगरवासीहरुमा पर्न गएको मर्का सम्बोधन गर्ने गरी अव उप्रान्त यथाशिघ्र र द्रुत गतिमा जनतालाई अनुभूति हुने किसिमले कार्य अगाडी बढाईने छ।

११. नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरबाट निर्माण सम्पन्न गरी हस्तान्तरण भई आंशिक रुपमा संचालनमा रहेका बसपार्क सरोकारवालाहरुसँग छलफल गरी यथाशिघ्र पूर्ण रुपमा संचालन गरी मुख्य बजार क्षेत्रको भिडभाडलाई व्यवस्थित गरी आम जनताको जीवन सहज बनाउन प्रयास गरिने छ।

१२. मलंगवा बजार क्षेत्रमा रहेको जनसागर पोखरीमा पहिलो चरणमा पूर्वाधार विकास गरी सौन्दर्यकरण प्रारम्भ गर्ने तयारी भैरहेको छ।

१३. नगरपालिकाबाट सञ्चालन हुने २,५०,००० भन्दा बढी लागतका आयोजनाहरूका बारेमा आयोजना स्थलमा अनिवार्य रूपमा *निर्माण कार्यस्थल सूचना पाटी* राख्नुपर्ने व्यवस्था गरिएको छ। यसबाट जनस्तरमा विकास निर्माणका बारेमा समेत जानकारी र सरोकार बढ्ने अपेक्षा गर्दछु।

१४. पूर्वपश्चिम राजमार्गको नवलपुर खण्ड, मुसैली सिमा र झिम नदी नजिकबाट मलंगवा नगरपालिका प्रवेशविन्दुहरूमा स्वागतद्वारहरू निर्माण गर्न तत्कालै डिजाइन तयार गर्ने निर्णय भएको छ। आगामी दिनमा स्रोतको खोजी गरी निर्माण गरिने छ।

१५. भूउपयोग ऐन २०७६ को दफा १८ अनुसार स्थानीय तह भूउपयोग परिषद गठन गरिएको छ। जग्गा बर्गीकरण जस्तो महत्वपूर्ण कार्य सम्पन्न गर्न सेवा परामर्श खरिद गरी प्रक्रिया अघि बढाइएको छ।

१६. नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि २०७९ पारित गरी २०७९ पुस ५ गतेबाट लागु गरिएको छ। नगर क्षेत्रका विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र सुशासन प्रवर्धन गर्न सामुदायिक विद्यालयमा प्र.अ.छनौट कार्यविधि,२०८१, ट्युसन, कोचिङ्ग, प्राविधिक तालिम, अध्यापन सेवाको अनुमति तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ र स्थनीय पाठ्यकम कक्षा १-३ (हाम्रो मलंगवा, हाम्रो गौरव) तयार भई पारित भएको छ। यसले शैक्षिक व्यवस्थापनलाई अझै चुस्त र दुरुस्त बनाउने आशा लिएको छु।

१७. वि सं २०४३ साल फागुन १८ गते स्थापना भएको यस नगरपालिकाको ३८ औं स्थापना दिवस भव्यताका साथ मनाउने निर्णय भएको छ। यसको व्यवस्थापन गर्न नगर कार्यपालिकालाई मूल समारोह निर्देशक समिति कायम गर्ने र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सबै शाखा प्रमुख र वडा सचिवहरू रहेको कार्यान्वयन समिति गठन गरी आन्तरिक तयारी भैरहेको छ। नगरपालिका स्थापना दिवसका अवसरकमा विकास केन्द्रित

राजेन्द्र प्रसाद यादव

मलंगवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मलंगवा,सर्लाही
मधेश,प्रदेश
स्थापित:२०४७

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख

अन्तरक्रिया , खेलकुद, सम्मान कार्यकमहरु सम्पन्न गरिनेछन् । यस पुनित अवसरमा सबैबाट सहयोग र सक्रिय सहभागिताको लागि आव्हान गर्दछु ।

१८.नगरपालिकाबाट **आर्थिक सहायता कार्यविधि,२०८१** निर्माण गरिएको छ । साथै आगामी दिनमा नगरपालिकाबाट नगद, जिन्सी वा अन्य सहयोग वितरण गर्न यस कार्यविधिले सहयोग पुग्ने आशा लिएको छु ।

१९.मलंगवा नगरपालिका र रेडियो नेपाल बर्दिबासका बीच सम्झौता भई मासिक रूपमा हाम्रो मलंगवा प्यारो मलंगवा कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाइएको छ । यसको प्रशारण प्रत्येक महिनाको अन्तिम विहिबार अपरान्ह साढे चार बजे प्रसारण भइरहेको छ । यस कार्यक्रममा कमश नगरपालिकाका गतिविधिहरू सहित सूचना, सन्देश, विकास निर्माण तथा सामाजिक क्षेत्रका अन्य प्रवर्धनात्मक विषयहरू समेटिदै जानेछन् । यो कार्यक्रम स्थानीय एफ एम मार्फत् पनि प्रसारण गर्ने व्यवस्था मिलाइने छ ।

२०.मलंगवा नगरपालिकाको मुख्य बजार क्षेत्र सहित नगरपालिका मुख्य चौकदेखि उत्तर साउथ प्वाईन्ट विद्यालयसम्म सडक विस्तार र नालाको काम भईरहेको साथै बालमन्दिर चोक देखि प्रादेशिक अस्पताल मलंगवा हुदै ओम पेट्रोल पम्पसम्म सडक विस्तार र नाला निर्माणको काम भइरहेको छ । यसले पक्कै पनि आउने दिनमा सर्वसाधारण जनसमुदायले विकासको अनुभूत गर्नेछ भन्ने विश्वास लिएको छु ।

२१. मलंगवा नगरपालिकाले आफ्नो नगरपालिकालाई सर्लाही जिल्लाकै पहिलो साक्षर नगरपालिका घोषणा गरेर हामी सवैलाई गौरवान्ति हुने अवसर प्रदान गरेको छ । साक्षर नगर घोषणाले स्थानीय स्तरमा नभएर राष्ट्रिय स्तरमा पनि पहिचान बनाउन सफल भएको छ ।

**नगरसभाका सदस्यज्यूहरू,**

२२.नागरिकका चाहना र आवश्यकता परिपूर्ति गर्ने अभिभारा अनि नगरका आयोजनाहरूको प्रभावकारी कार्यान्वयनमा मलंगवा नगरपालिकाको मात्र प्रयास पर्याप्त हुदैन । यसका लागि संघ तथा प्रदेश सरकारको आड र भरोसा, बिकास साझेदारहरूको सहकार्य आबश्यक छ । सबै तहका जनप्रतिनिधिहरू, सबै राजनीतिक दल, उद्योगी व्यवसायी, निर्माण व्यवसायी, सरकारी निकाय, गैर सरकारी संस्था, सञ्चार क्षेत्र, सामाजिक संघ संस्था तथा अभियन्ताको सहयोग अपेक्षित छ । यसका साथै सम्पूर्ण नगरबासी आमाबाबु, दाजुभाई दिदी बहिनीहरूको साथ सहयोग, सक्रियता, खबरदारी तथा रचनात्मक सहयोग आवश्यक छ ।

२३.अन्तमा सबैबाट निरन्तर सहयोगका लागि विनम्रतापूर्वक अनुरोध गर्दै प्रस्तुत संशोधित कार्यक्रम तथा नगरको गतिविधि तयार गर्न सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधिहरु र प्रमुख प्रशासकीय अधिकृतसहित कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद, जय नेपाल ।

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख

नागेन्द्र प्रसाद यादव
नगर प्रमुख